eduTechNepal
transforming education through technology

01-5442521
info@edutechnepal.org
https://www.edutechnepal.org




# कम्प्युटर प्रयोगशाला कोठाको तयारी पुस्तिका

## बिषय सुची


कम्प्युटर प्रयोगशालाको जडान ..... 3
बिजुली तार, सकेट, प्लग जडान ..... 3
ब्याट्री बक्सको निर्माण ..... 4
इन्भर्टर बक्स जडान ..... 4
ब्याट्री जोड्दा ध्यान दिनुपर्ने कुराहरु ..... 4
शिक्षक टेबलको डिजाइन र मापन ..... 5
शिक्षक कुर्सी र विद्यार्थी बेन्चको डिजाइन र मापन ..... 6
B, C, G, F विद्यार्थी टेबलको डिजाइन र बनावट ..... 7
B, C, G, F विद्यार्थी टेबलको डिजाइन र मापन ..... 8
B, C, G, F विद्यार्थी टेबलको डिजाइन र मापन ..... 9
D र E विद्यार्थी टेबलको डिजाइनको मापन र बनावट ..... 10
D र E विद्यार्थी टेबलको डिजाइन र मापन ..... 11
D र E विद्यार्थी टेबलको डिजाइन र मापन ..... 12
ब्याट्री र UPS क्याबिनेटको मापन र बनावट ..... 13
ब्याट्री र UPS क्याबिनेटको मापन ..... 14
विद्यार्थीको सबै टेबल डेस्क जोडीसकेपछिको डिजाइन ..... 15
कम्प्युटर ल्याबको बिधुतिय वैरिंगको डिजाइन ..... 16
ब्याट्री र इन्भर्टर वाईरिङ डिजाइन ..... 17
ब्याट्री र इन्भर्टर वाईरिङ डिजाइन ..... 18
बिद्यालयमा कम्प्युटर प्रयोगशाला बन्न अगाडिको कोठा ..... 19
बिद्यालयमा कम्प्युटर प्रयोगशाला बनि सकेपक्षिको कोठा ..... 19

**एडुटेक नेपालको** उदेश्य भनेको १० लाखभन्दा बढी नेपाली बालबालिकाको लागि आशा र अवसर सिर्जना गर्न कम्प्युटर प्रयोगशालाको सञ्जाल निर्माण गर्नु हो । एडुटेक नेपालको उदेश्य ***प्रविधिको माध्यमबाट शिक्षालाई रूपान्तरण*** गर्नु हो किनकि शिक्षाले जीवन, परिवार, समुदाय र सिंगो देशलाई रूपान्तरण गर्न सक्छ भन्ने हाम्रो विश्वास छ।

एडुटेक नेपालको "किन" भन्ने कुरा नेल्सन मण्डेलाको उद्धरणमा संक्षेप गर्दछ, ***"शिक्षा सबैभन्दा शक्तिशाली हतियार हो जुन तँपाईले विश्वलाई परिवर्तन गर्न प्रयोग गर्न सक्नुहुन्छ। "***


न्यूजिल्याण्ड निवासी दम्पति माइक चिसोल्म र सेरिल चिसोल्मले नेपालमा एडुटेक नेपाल गैरसरकारी संस्थाको स्थापना गर्नुभएको हो र उहाँहरुले नेपाली बालबालिकाहरु पनि आधुनिक युगमा प्रबिधि मूलक र व्यावहारिक शिक्षाबाट वञ्चित हुन नपरोस् भनी नेपालको सामुदायिक, आधारभुत तथा माध्यमिक विद्यालयहरुमा कम्प्युटर प्रयोगशालाको स्थापना गर्न सहयोग गर्ने गर्दछ ।

यस संस्थाले ग्रामीण इलाकामा रहेका र निम्न शर्तहरू पुरा गर्ने सामुदायिक विद्यालयहरुमा कम्प्युटर ल्याब स्थापना गर्न सहयोग गर्दछ:

- विजुली व्यवस्था राम्रो र भरपर्दो हुनुपर्छ ।
- बिद्यालयमा कम्प्युटर प्रशिक्षक नियुक्ति भएको हुनुपर्दछ ।
- विद्यालयले मर्मत तथा सम्भारको लागि निस्चित रुपमा बार्षिक तीस हजार रूपैँया बर्षेनी जम्मा गर्ने बाचा परिपुर्ति गर्नुपर्दछ ।
- कम्प्युटर प्रयोगशालाका कोठा निम्न मापदण्डहरुको योग्य भएको हुनुपर्दछ ।
- कम्प्युटर प्रयोगशालाको कोठाको भित्रि क्षेत्रफल कम्तिमा १५ फिट बाई २४ फिटको हुनुपर्दछ, यदि यो भन्दा ठूलो झनै रामो हुनेछ ।
- कम्प्युटर प्रयोगशालाको झ्याल, ढोका, छाना र गाह्रो बलियो हुनुपर्दछ ।
- सबै झ्याल, ढोकाका चुकुलहरु बलियो र काम गर्ने हुनुपर्दछ ।
- हरेक झ्याल वा भेन्टिलेटरहरूमा फलामे छड वा ग्रिल र सिसा जडान भएको हुनुपर्दछ ।
- कम्प्युटर प्रयोगशालाको भित्ताहरु र भुई राम्रो हुनुपर्दछ ।
- कम्प्युटर प्रयोगशालाको छाना ढलानको हुनुपर्दछ अथवा टिनको छाना भएमा फाल सिलिंग राख्नु पर्छ ।
- कोठा उज्यालो र सफा हुनुपर्दछ ।
- आवश्यक देखिएमा कोठामा पंखा वा हिटरको व्यवस्था गर्नु पर्नेछ ।
- कोठाको सबै भित्ताहरु निलो रंगले पोल्नुपर्दछ ।
- सबै झ्याल र भेन्टिलेटरमा फलामे छड वा ग्रिल, सिसा र पर्दा राख्नुपर्दछ ।
- मुसा आउने कुनै चर वा प्वालहरु वा ढोकाको चरहरु भएमा त्यस्ता प्वाल वा चरहरु बन्द गर्नु पर्दछ।
- कक्षाका लागि चाहिने हरेक फर्निचरहरू (टेबल, बेञ्च, सेतो बोर्ड, ब्याट्री बक्स, शिक्षक टेबल एडुटेक नेपालले तयार पारेको ढाँचाअनुसार बनाउनुपर्दछ ।
- एडुटेक नेपालले भने बमोजिम अनुसारको बिजुलीका तार जडान गर्नुपर्दछ ।
- कक्षाको एक भित्ताको किनारदेखि अर्को भित्ताको किनारसम्म पुग्ने र कुनै खाली नहुने गरी भुइँमा कार्पेट बिछ्याउनु पर्दछ ।
- झ्यालको लागि पर्दा र मोनिटर छोप्ने खोल सिलाउनु पर्नेछ ।

# कम्प्युटर प्रयोगशालाको जडान

राम्रो र दिगो कम्प्युटर प्रयोगशालाको लागि राम्रै, गुणस्तरीय र बलिया फर्निचरहरू एडुटेक नेपालले तयार पारेको ढाँचाअनुसार बिद्यालयले बनाउनुपर्दछ भन्ने कुरा स्पष्ट र राजी हुनुपर्दछ । योजना पाना अनुसार सबै टेबल, बेञ्च र ब्याट्री बक्सलाई यस्मा देखाए बमोजिमको नामाकरण गरिएको र सोही अनुरूप नै तयार गर्नुपर्दछ । बिस वटा कम्प्युटर कक्षको लागि प्लान सिट अनुसार A, B, C, D, E, F, र G टेबलहरु बनाउनु पर्दछ । अन्यथा दश वटा कम्प्युटर कक्षाको लागि C, D, E र F को मात्र टेबलहरु बनाउनु पर्दछ ।




# बिजुली तार, सकेट, प्लग जडान

कम्प्युटर ल्याबको सञ्चालनको लागि बिधुतको आवश्यकता हुने भएकोले आवश्यक सामानहरु गुणस्तरीय र बलिया हुनुर्पदछ र यस्को जडान पनि कुशल इलेक्टीसिएन बाटै गरिनु पर्दछ । जस्तै गुणस्तरीय बिजुलीको तारको प्रयोग गर्नुपर्दछ । सकेट, प्लगको जडान खुकुलो गरेको वा भएको हुनुहुँदैन । ल्याबमा जडान गरिएका सकेटहरु दुवै गोला र च्याप्टा थ्रि–पिन प्लगसँग मिल्ने खालको हुन आवश्यक छ।

विजुली जडान गर्ने व्यक्तिले विजुली जडान भएपछि विजुली जडान त्रुटिरहित छ भनी प्रमाणित गरी बिद्यालयलाई देखाउनु पर्नेछ ।

## ब्याट्री बक्सको निर्माण

ब्याट्री बक्समा २ वटा इन्भर्टरहरू माथिल्लो खण्डमा र २ वटा ब्याट्रीहरु तलको खण्डमा राख्न मिल्ने गरी बनाउनुपर्दछ । हरेक इन्भर्टर छुट्टाछुट्टै ब्याट्रीसँग जडान गरिने भएकोले गर्दा २ वटा Main AC को Socket बाट २ वटा इन्भर्टरहरू छुट्टाछुट्टै जडान गर्नुपर्दछ । यसमध्ये पहिलो इन्भर्टरबाट एउटा ब्याट्री जडान गर्नुपर्दछ । त्यस्तैगरी दोस्रो इन्भर्टरबाट अर्को ब्याट्री जडान गर्नुपर्दछ । दुवै ब्याट्रीलाई बाहिरी ठक्कर बाठ जोगाउन २ वटा स्लाइडिङ ढकनीहरु जडान गर्नुपर्दछ । एउटा इन्भर्टरबाट २ वटा आउटपुट सकेट जडान गर्नुपर्दछ । त्यस्तैगरी अर्को इन्भर्टरबाट पनि २ वटा आउटपुट सकेट जडान गर्नुपर्दछ । जम्मा गरी चार वटा आउटपुट हुनुपर्दछ ।

## इन्भर्टर बक्स जडान

इन्भर्टर बक्स छायाँ पर्ने र प्रशस्त हावा बहने ठाउँमा राख्नुपर्दछ । दुई वटा Main लाइनबाट दुई वटा इन्भर्टरलाई छुट्टाछुट्टै तरिकाले जडान गर्नुपर्दछ । एउटा इन्भर्टरलाई एउटा ब्याट्रीमा जडान गर्नुपर्दछ । एउट इन्भर्टरबाट स्वीच समेत भएको दुई वटा आउटपुट सकेट जडान गर्नुपर्दछ । त्यस्तै, अर्को इन्भर्टरबाट पनि स्वीचसमेत दुई वटा आउटपुट सकेट जडान गर्नुपर्दछ ।

## ब्याट्री जोड्दा ध्यान दिनुपर्ने कुराहरु

ब्याट्री जोड्दा Negative Line कालो तार, व्याट्रिको Negative Point (-) मै र Positive Line रातो तार Positive Point (+) मै जोड्नुपर्दछ र Earthing पनि भएमा Green Line को तार Earth Point मै जाड्नु पर्दछ, अन्यथा विधुतीय घातक दुर्घटना हुनसक्दछ ।

१. इन्भर्टर र ब्याट्री स्कुलको आवश्यकता अनुसार अरू विभागमा जडान गर्न वा ल्याबको कम्प्युटरबाहेक अन्यमा लोड दिन पाइँदैन ।

२. हरेक समय ब्याट्रीहू चार्जिङ अवस्थामा राखेको हुनुपर्दछ ।

३. समय–समयमा ब्याट्रीलाई डिस्टिल वाटरको लेभल चेक गरी आवश्यकता अनुसार Distilled Water थप गर्नुपर्दछ । अन्यथा ब्याट्री छिट्टै बिग्रने सम्भावना हुन्छ ।

५. समय–समयमा ब्याट्रीको Connector हरूमा खीया लाग्न नदिन लाई Grease वा Vaseline ले सफा गरी Connector लाई सफा राख्नु पर्दछ ।

### २० वटा कम्प्युटर प्रयोगशालाको लागि चाहिने फर्निचरहरु

| क्र. संख्या | बिवरणहरु | मात्रा |
|---|---|---|
| १. | शिक्षक टेबल | १ थान |
| २. | शिक्षक कुर्सी | १ थान |
| ३. | लामो ७ फिटको टेबल | ४ थान |
| ४. | छोटो ५ फिटको टेबल | २ थान |
| ५. | लामो बेन्च कुर्सी (४ फिट ६ इन्च) | २ थान |
| ६. | छोटो बेन्च कुर्सी (३ फिट ३ इन्च) | १६ थान |
| ७. | ब्याट्री बक्स | १ थान |

## शिक्षक टेबलको डिजाइन र मापन






# शिक्षक कुर्सी र विद्यार्थी बेन्चको डिजाइन र मापन




शिक्षक बस्ने कुर्सी




विद्यार्थी बस्ने छोटो कुर्सी





विद्यार्थी बस्ने लामो कुर्सी

# B, C, G, F विद्यार्थी टेबलको डिजाइन र बनावट




## B, C, G, F विद्यार्थी टेबलको डिजाइन र मापन




# B, C, G, F विद्यार्थी टेबलको डिजाइन र मापन




## D र E विद्यार्थी टेबलको डिजाइनको मापन र बनावट






## D र E विद्यार्थी टेबलको डिजाइन र मापन



## D र E विद्यार्थी टेबलको डिजाइन र मापन



# ब्याट्री र UPS क्याबिनेटको मापन र बनावट



# ब्याट्री र UPS क्याबिनेटको मापन











# विद्यार्थीको सबै टेबल डेस्क जोडीसकेपछिको डिजाइन






# कम्प्युटर ल्याबको बिधुतिय वैरिंगको डिजाइन






## शिक्षकको कम्प्युटर टेबलको वाईरिङ डिजाइन



## ब्याट्री र इन्भर्टर वाईरिङ डिजाइन





# ब्याट्री र इन्भर्टर वाईरिङ डिजाइन



# Computer Goods

| S.N. | Description | Qty. |
|---|---|---|
| 1. | Dell OptiPlex Desktop 3090 16GB RAM 1TB HDD | 2 |
| 2. | Dell 21.5" Full HD LD Monitor | 20 |
| 3. | Dell Keyboard | 20 |
| 4. | Dell Mouse | 20 |
| 5. | Mousepad | 20 |
| 6. | Logitech Headset | 20 |
| 7. | Cisco Switch | 1 |
| 8. | Sunde H4S Zero Client Device | 18 |
| 9. | LivGuard 200 Ampere Battery | 2 |
| 10. | LivGuard 1100 VA Inverter | 2 |
| 11. | Pure Copper Ethernet Cable | 20 |
| 12. | Sensei 8" Trolley Speaker | 1 |
| 13. | Plaque | 1 |




eduTechNepal
transforming education through technology

## बिद्यालयमा कम्प्युटर प्रयोगशाला बन्न अगाडिको कोठा



## बिद्यालयमा कम्प्युटर प्रयोगशाला बनि सकेपक्षिको कोठा

